# *निर्णय नं. ९८०९ - करारबमोजिमको सेयर नामसारी दाखेल खारेज गरिपाउँ*

भाग: **५९** साल: **२०७४** महिना: **भाद्र** अंक: **५**
फैसला मिति :२०७३/०८/१३ ३०२४

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र

माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे

फैसला मिति : २०७३।०८।१३

०६७-CI-०३३३

मुद्दाः करारबमोजिमको सेयर नामसारी दाखेल खारेज गरिपाउँ

पुनरावेदक / वादी : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १६ स्थित मुक्ति श्री प्रा.लि. को अधिकारप्राप्त अध्यक्ष अजेयराज सुमार्गी पराजुलीसमेत

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३ महाराजगंज स्थित प्रधान कार्यालय रहेको हिमालयन स्प्रिङ्ग वाटर कम्पनी प्रा.लि.समेत

कम्पनी भन्नु र कम्पनीका सेयरहोल्डर भन्नु सिद्धान्ततः नितान्त फरक विषय हो। संगठित संस्थाको सिद्धान्त, सीमित दायित्वको सिद्धान्त एवं स्वतन्त्र कानूनी व्यक्तित्वको सिद्धान्तअनुसार कम्पनी, यसका सेयरहोल्डर तथा सञ्चालक वा संस्थापक भन्नु बेग्लाबेग्लै विषय हुन्। नेपालको कम्पनी ऐन, २०६३ ले समेत उक्त सिद्धान्तहरूको अनुशरण गरेको

पाइन्छ । कम्पनीको तर्फबाट कसैसित सम्झौता वा करार गरिएमा त्यसबाट उत्पन्न हुने दायित्वमा कम्पनी जिम्मेवार हुने हो, सेयरहोल्डर वा सञ्चालकले गरेका व्यक्तिगत सम्झौता वा दायित्वको बारेमा कम्पनीलाई जिम्मेवार बनाउन नमिल्ने ।

(प्रकरण नं. ३)

कम्पनीको सेयरका साथै अन्य चलअचल सम्पत्तिसमेत स्वतः निवेदकको नाउँमा आउनुपर्ने भन्ने पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा कम्पनीको सेयर, डिवेन्चर भन्नु र अन्य सम्पत्ति भन्नु एउटै विषय होइन । सेयर, डिवेन्चर भनेको त्यो होल्ड गर्नेले आफ्नो निजी सम्पत्तिसरह कानूनबमोजिमको प्रक्रिया पूरा गरी बेचबिखन हकहस्तान्तरण गर्न पाउने विषय हो तर कम्पनीको नाउँमा रहेको अन्य चलअचल सम्पत्ति कम्पनी स्वयम्ले बाहेक सेयरहोल्डरले  आफूखुशी बेचबिखन हक हस्तान्तरण गर्न सक्ने अवस्था नै नरहने ।

(प्रकरण नं. ५)

व्यक्तिका नाममा रहेका कम्पनीका सेयर भनेका व्यक्तिगत सम्पत्ति हुन् । यस्तो सम्पत्तिलाई कानूनको प्रक्रिया पूरा गरी भोग गर्न, दानदातव्य दिन, धितो राख्न वा बेचबिखन हक हस्तान्तरण गर्न पाउने नै हुन जाने ।

निजी तवरमा खरिद बिक्री हुने उक्त कम्पनीका सेयरहरू सम्झौताअनुसार करारका पक्षहरूले पूरा गरे गरेनन् भन्ने सम्बन्धमा कम्पनीलाई जिम्मेवार बनाउन मिल्ने पनि नदेखिने ।

(प्रकरण नं. ६)

पुनरावेदक वादीको तर्फबाट :

प्रत्यर्थी प्रतिवादीको तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री विनोद मोहन आचार्य

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री मोहनप्रसाद घिमिरे

माननीय न्यायाधीश श्री मीरा खड्का

फैसला

न्या. ओमप्रकाश मिश्र : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

विपक्षीमध्येको हिमालयन स्प्रिङ्ग वाटर कम्पनीको जम्मा जारी गरेको सेयर थान १५ लाख कित्तामध्ये विपक्षीहरू मध्ये विजय मल्लका नाउँमा १ लाख कित्ता, विपक्षी विरणी राणाका नाउँमा ४ लाख कित्ता, विपक्षी केदारभक्त श्रेष्ठका नाउँमा ५ लाख कित्ता र विपक्षी कृष्णबहादुर श्रेष्ठसँग ५ लाख थान गरी जम्मा १५ लाख थान सेयर रहेकोमा उक्त विपक्षी कम्पनीको सम्पूर्ण सेयरसहित सम्पूर्ण उद्योग नै फिरादी कम्पनीले खरिद गर्ने भई विपक्षीहरू र फिरादी कम्पनीवीच मिति २०६४।८।१४ मा सेयर खरिद बिक्री सम्झौता भएको थियो। सोही मितिमा विपक्षीहरूले म्यादभित्र सेयर तथा उद्योग र सो कम्पनीको चल अचल जायजेथा कानूनबमोजिम नामसारी गरी लिन सक्ने गरी कबुलियतनामा समेत भएको थियो। सोही मितिबाट विपक्षीहरूले कम्पनीको रसुवास्थित हिमालयन स्प्रिङ्ग वाटर उद्योग फिरादीलाई हस्तान्तरण गरेकामा आवश्यक कर्मचारी राखी उद्योग उपभोग गरी रकम लगानी गरी उद्योग मेरै जिम्मामा रही सम्झौताबमोजिमको बैंक कर्जा र अन्य दायित्व आसयपत्र प्राप्त नभएसम्म तत्काल फिरादीले व्यहोर्नु नपर्ने गरी मोल रू. १८ करोडमध्ये सेयर तथा कम्पनीको श्रीसम्पत्तिको मोल रू. २,७५,००,०००।– विपक्षीहरूलाई बैंक चेकमार्फत बुझाएको थिएँ। उक्त मितिमा विपक्षीहरूबाट निम्नबमोजिमको सर्तहरू पालना गर्ने कुरा सम्झौतामा उल्लेख भएको थियो।

अदालतको आदेशले रोक्का रहेका सेयर फुकुवा गर्ने,

कम्पनीको नाउँमा नेपाल विद्युत् प्राधिकरणको बाँकी बक्यौता रकम फरफारक गर्ने,

राष्ट्रिय वाणिज्य बैंकबाट रोक्का रहेको सेयरका हकमा ऋण चुक्ता गरेपछि फुकुवा गर्ने व्यहोराको आसयपत्र पेस गर्ने,

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँग भएको १० वर्षीय सम्झौतालाई नवीकरण गराउनु पर्ने।

उपरोक्त सर्तहरू विपक्षीले ४५ दिनभित्र पूरा गर्नुपर्ने र सो गरेको ५ दिनभित्र फिरादीले बाँकी रकम चुक्ता गर्ने भन्ने सम्झौता भएकोमा सम्झौताबमोजिमको अवधिमा उक्त सर्तहरू पूरा नगरेकोले विपक्षीहरूको नाउँमा रहेका सेयर तथा विपक्षीले सञ्चालन गर्दै आएको उद्योग एवं सम्पूर्ण चल अचल सम्पत्ति म फिरादीको कम्पनीको नाउँमा कानूनतः नामसारी हुनुपर्नेमा हालसम्म पनि सो कार्य नगरेकोले उक्त बाँकी रकमसमेत विपक्षीहरूलाई बुझ्न लगाई करारको सर्त पालना गर्न लगाई भुक्तानी भइसकेको रकम र उद्योगमा थप लगानी गरिसकेको रकम बराबरको हर्जाना र विपक्षी कम्पनीको नाउँको जायजेथासहितको सम्पूर्ण सेयर तथा विपक्षी कम्पनीको नाउँमा भएको चल अचल श्रीसम्पत्ति तथा कारखाना सबै म फिरादी कम्पनीका नाममा नामसारी गर्न लगाई फिरादी कम्पनीको नाममा दा.खा.समेत गरिपाउँ भन्नेसमेत व्यहोराको वादीको फिराद दाबी ।

विपक्षीले उल्लेख गरेको मिति २०६४।८।१४ को सम्झौता पत्रमा म हिमालयन स्प्रिङ्ग वाटर कम्पनी प्रा.लि.को कुनै संलग्नता नरहेको, हिमालयन स्प्रिङ्ग वाटर कम्पनी प्रा.लि.का सेयरवालाहरूले आ-आफ्नो नाउँको सेयर खरिद बिक्री गर्ने वा नगर्ने निज सेयरवालाहरूको निजी विषय हो । सेयरवालाहरूले गरेको सम्झौता पत्रको आधारमा यस कम्पनीउपर मुद्दा गर्न मिल्ने होइन । विपक्षीले दाबी लिएबमोजिम निजलाई कारखाना हस्तान्तरण भएको होइन । कम्पनीको सेयर खरिद बिक्री हुनुपूर्व नै विपक्षीले कम्पनीमा कर्मचारी राखेको, मर्मत सम्भारलगायतका काम गरेको भन्ने विपक्षीको लेखाई झुट्ठो र बनावटी

हो । कम्पनीको सञ्चालक समितिको पूर्व स्वीकृति वेगर सेयर नै बिक्री गर्न नपाइने र बिक्री गरिएको रहेछ भने पनि कम्पनीले दाखेल खारेज गर्न पाइँदैन । तोकेको कानूनी व्यवस्थाविपरीत कुनै कार्य सेयरधनी र वादी कम्पनीबीच भएको भए पनि सोलाई कार्यान्वयन गर्न नमिल्ने हुँदा उल्लिखित कानूनहरूको प्रतिकुलको कार्यलाई कानूनी रूप प्रदान गर्न बदनियतका साथ यस कम्पनीलाई मुछिएको हुँदा प्रस्तुत मुद्दा अ.बं. १८० नं. बमोजिम खारेज हुनुपर्छ भन्नेसमेत व्यहोराको प्रतिवादीमध्येका हिमालयन स्प्रिङ्ग वाटर कम्पनी प्रा.लि.का तर्फबाट ऐ.का अधिकारप्राप्त सञ्चालक विजय मल्लले अदालतमा पेस गरेको प्रतिउत्तर पत्र ।

मिति २०६४।८।१४ मा भएको सम्झौता पत्रमा मसमेतको नाउँमा कायम रहेको सेयरसम्म खरिद बिक्री गर्ने सम्झौता भई उक्त सम्झौता पत्रमा हिमालयन स्प्रिङ्ग वाटर कम्पनी प्रा.लि.को चल अचल जायजेथा श्रीसम्पत्ति खरिद बिक्री गर्ने भनी कुनै व्यहोरा उल्लेख नभएको भन्नेसमेत व्यहोराको प्रतिवादी किसन श्रेष्ठ भन्ने कृष्णबहादुर श्रेष्ठले अदालतमा पेस गरेको प्रतिउत्तर पत्र ।

मिति २०६४।८।१४ मा भएको सम्झौता पत्रमा मसमेतका नाउँमा कायम रहेको सेयर सम्म खरिद बिक्री गर्ने सम्झौता भई उक्त सम्झौता पत्रमा हिमालयन स्प्रिङ्ग वाटर कम्पनी प्रा.लि. को चल अचल जायजेथा श्रीसम्पत्ति खरिद बिक्री गर्ने भनी कुनै व्यहोरा उल्लेख नभएको, यसै विवादको सम्बन्धमा विपक्षीले जिल्ला प्रहरी कार्यालय, रसुवामा ठगी मुद्दा दिई

थुनामा राखिएकोमा पछि छाडिएको थियो। काल्पनिक र झुट्ठा मुद्दा दायर गरी दु:ख दिने विपक्षीको मनसाय भएको हुँदा दाबी खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू विरणी राणा, विजय मल्लसमेतको संयुक्त प्रतिउत्तर पत्र।

यसमा एकाको नाउँमा कायम रहेको सेयरहरू अर्काका नाउँमा नामसारी, दाखिल खारेज गर्ने भनी कानूनी आधार नरहेकाले विपक्षीले दाबी लिएकै भरमा निजको नाउँमा सेयर नामसारी दाखिल खारेज हुन सक्दैन। मिति २०६४।८।१४ मा भएको सम्झौता पत्रमा हामीसमेतको नाउँमा कायम रहेका सेयरसम्म खरिद बिक्री गर्ने सम्झौता भई उक्त सम्झौता पत्रमा हिमालयन स्प्रिङ्ग वाटर कम्पनी प्रा.लि.को चलअचल जायजेथा श्रीसम्पत्ति खरिद बिक्री गर्ने भनी कुनै व्यहोरा उल्लेख नभएको, यसै विवादको सम्बन्धमा विपक्षीले जिल्ला प्रहरी कार्यालय, रसुवामा ठगी मुद्दा दिई थुनामा राखिएकोमा पछि छाडिएको, विपक्षीले दु:ख दिने तथा काल्पनिक र झुट्ठा मुद्दा दायर गर्ने निजको मनसाय भएको हुँदा दाबी खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी केदारभक्त श्रेष्ठको प्रतिउत्तर पत्र।

यसमा विवेचित तथ्यहरू एवं सम्बद्ध कानूनी व्यवस्थाअनुसार वादीको फिराद दाबी कानूनसम्मतको देखिन नआएको र यसबाहेक वादीले प्रतिवादीहरूसँग मिति २०६४।८।१४ मा सम्झौता पत्र हुँदा रू. २ करोड ७५ लाख नगद प्रतिवादीहरूले बुझिलिएको भनी फिरादमा उल्लेख गरेकोमा सो फिरादमा वादीले उक्त रकम दाबी गर्न सकेको समेत नदेखिएको र सोबमोजिम फिराद परे उसै बखत निर्क्यौल गर्ने गरी तथा फिराद दाबी कानूनसम्मत नभएको कारणबाट उपरोक्त फिराद दाबी खारेज हुने ठहर्छ भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।३।१५ मा भएको फैसला।

प्रस्तुत मुद्दामा कम्पनीको सम्पूर्ण चलअचल सम्पत्तिलाई अलग गरी सेयरको मूल्य निर्धारण भएको हुँदैन। त्यसैले जिल्ला अदालतले मिति २०६४।८।१४ को सम्झौतामा कम्पनीको अचल सम्पत्तिको विवरण नभएको भनी लिएको आधार गलत एवं सेयरको गलत अर्थ गरी गरिएको भन्ने प्रस्टै देखिएकोले उल्लिखित आधार प्रमाण तथ्यहरूका आधारमा सुरू काठमाडौं जिल्ला अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी न्याय पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक अजेय सुमार्गी पराजुलीको पुनरावेदन पत्र।

यसमा प्रस्तुत फिराद करार ऐन, २०५६ बमोजिमको दाबी लिई दायर भएकोमा कम्पनी ऐन, २०६३ को दफा १६९ बमोजिम गठित कम्पनी बोर्डको क्षेत्राधिकार भएको भन्ने आधारमा दाबी खारेज गर्ने गरी भएको फैसला विचारणीय देखिँदा छलफलको लागि प्रत्यर्थीहरूलाई झिकाई पेस गर्नु भन्ने पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।३।१२ मा भएको आदेश।

कम्पनीका सम्पूर्ण सेयरको दाबीतर्फ हेर्दा वादीले उल्लेख गरेअनुसार पेस्कीबाहेकको रकम धरौटी राखी फिराद गरेको पनि नदेखिएको, हर्जाना र क्षतिपूर्तिको सर्त सम्झौता पत्रमा उल्लेख भएको समेत नदेखिएको हुँदा वादी दाबी पुग्न सक्ने अवस्था देखिएन। सुरू जिल्ला अदालतले पेस्की रकम बारेमा वादीको दाबी परेका बखत कानूनबमोजिम हुने ठहर गरेको हुँदा पेस्कीबापतको रकममा दाबी परेका बखत कानूनबमोजिम हुने नै हुँदा त्यसतर्फको सुरू इन्साफ मिलेकै

देखियो। कम्पनीको सेयर खरिद गर्ने सम्झौता भएकोमा ती सेयर खरिद गर्न आवश्यक रकम धरौट नराखी माग दाबी गर्न आएको देखिएको र निजी तवरमा खरिद गरेको सेयरको जिम्मेवार कम्पनी नहुने र आफ्नो सेयर निजी तवरमा बिक्री गर्ने वा नगर्ने भन्ने विषय सम्बन्धित सेयर होल्डरको निजी विषय हुने हुँदा निजी तवरमै प्रक्रिया पुऱ्याई सेयर खरिद गर्नु पर्नेमा सोबमोजिम नगरेको सुरू अदालतले वादी दाबी पुग्न नसक्ने ठहर गर्नुपर्नेमा अ.बं. १८० नं. बमोजिम फिराद दाबी खारेज गर्ने गरेकोसम्म काठमाडौं जिल्ला अदालतको मिति २०६५।३।१५ को फैसला नमिलेको हुँदा त्यति हदसम्म सुरूको फैसला बदर भई परिणामतः दाबी पुग्न नसक्ने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।३ को फैसला।

कम्पनीको सेयर छुट्टै र कम्पनीको सम्पत्ति तथा कारखाना छुट्टै हामी पुनरावेदक कम्पनीका नाममा नामसारी दाखेल खारेज गर्ने माग गरिएको होइन। करारबमोजिमका दायित्वहरू हामी पुनरावेदक वादीले पुरा गरिसकेको तर विपक्षीले पुरा नगरेको हुँदा विशिष्ट सम्पादनको उपचारअन्तर्गत अदालतमा प्रवेश गरिएको हो। कम्पनीको सबै सेयर बिक्री भइसकेपश्चात त्यसको सम्पत्तिमाथि पूर्व सेयरहोल्डरहरूको नियन्त्रण रहँदैन। कम्पनी दामासाहीमा गएको अवस्थामा दामासाहीसम्बन्धी ऐन, २०६३ को दफा ५७ को उपदफा १ को (क), (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ) उपदफा (२) र उपदफा (३) को दायित्व नरहेका अवस्थामा कम्पनीको सम्पूर्ण सम्पत्ति उपदफा (४) अन्तर्गत सेयरमा सीमित रही सेयरवालाले प्राप्त गर्दछ। ऐनले कम्पनीको सेयर र सम्पत्तिको कानूनी हैसियत स्पष्ट पारेको अवस्थामा सम्झौताबमोजिम फिरादीका नाममा सेयर नामसारी भएको अवस्थामा कम्पनीको सम्पत्ति र चलअचल जायजेथा सेयरधनीको नाताले स्वतः हामी पुनरावेदकले प्राप्त गर्ने हुँदा सो प्रतिकुल भएको पुनरावेदन अदालत, पाटनको फैसला कानूनविपरीत रहेको छ।

विपक्षीहरूले गर्नुभएको सम्झौता कम्पनीको सञ्चालक र सेयरहोल्डर दुवै हैसियतले सही गर्नुभएको हो। यस अर्थमा कम्पनी ऐन, २०६३ को दफा ९७ को उपदफा ९ अन्तर्गत सञ्चालक समितिको स्वीकृतिको बन्देजबाट उन्मुक्ति प्राप्त भएको छ। कम्पनी ऐन, २०६३ को दफा १०४(१) अन्तर्गत कम्पनीलाई बन्धनकारी हुने उक्त सम्झौता सेयर खरिद बिक्रीका लागि सम्म हो। यसै सम्बन्धमा श्री सर्वोच्च अदालतबाट रामकृष्ण थापाको मु.स.गर्ने मधुसुदन थापा वि. धनबहादुर गुरूङ भएको "करारबमोजिम गराई पाउँ, मुद्दामा (सर्वोच्च अदालतबाट प्रतिपादित चल सम्पत्तिसम्बन्धी केही महत्त्वपूर्ण नजिरहरू, भाग ७, पृष्ठ ३९) "कानूनबमोजिम दुई पक्ष बिच भएको सम्झौताअनुसार उत्पन्न दायित्व विपक्षीले पुरा गर्नुपर्ने होइन भन्न नमिल्ने।" "करारको दायित्व पक्षहरूको निम्ति बाध्यात्मक हुने" सिद्धान्त कायम भएको छ।

मिति २०६४।८।१४ को सम्झौता पत्रको दफा ९(क) मा सो सम्झौता करार ऐन, २०५६ अनुसार मान्य हुने उल्लेख रहेको तथा सोही ऐनको दफा ८३(२) अन्तर्गत क्षतिपूर्ति उल्लेख गरिएको तर सो क्षतिपूर्ति Specific performance को सट्टा नरहेको हुँदा सेयरको हक हस्तान्तरण अर्थात् चल सम्पत्तिको नामसारी दाखेल खारेज कम्पनी रजिष्ट्रारको कार्यालयमा उपस्थित भई सनाखत गरेपछि मात्र नामसारी प्रक्रिया पूर्ण हुने चलन रहेको हुँदा यसप्रकारको चल सम्पत्ति

सेयरको नामसारीमा धरौटी राख्नु पर्ने कानूनी व्यवस्था कम्पनी ऐन, २०६३ वा करार ऐन, २०५६ ले समेत नगरेको र धरौटी भन्ने कुरा अदालतले माग गरेका बखत राख्नुपर्ने हुन्छ तर अदालतबाट त्यस्तो आदेश नभएको हुँदा पुनरावेदन अदालत, पाटनको फैसला कानूनविपरीत भई बदर भागी रहेको छ। यस सम्बन्धमा भारतीय सर्वोच्च अदालतबाट समेत थुप्रै मुद्दामा सिद्धान्त प्रतिपादन भएको पाइन्छ।

निजी कम्पनीको सेयर हक हस्तान्तरण गर्ने प्रक्रियामा कुनैपनि सरकारी निकायको संलग्नता रहेको हुँदैन। कम्पनी रजिष्ट्रारको कार्यालयले अभिलेख मात्र राख्ने हो। जग्गा जस्तो मालपोत कार्यालयमा गई रजिस्ट्रेसन पारित गर्नुपर्ने कानूनी व्यवस्था कम्पनीको सेयर नामसारीमा छैन। सामान्य सेयरवालाहरूको लगत तयार गरी कम्पनीको पदाधिकारीले सो लगत प्रमाणित गरी सञ्चालक समितिले सेयर नामसारी गर्ने निर्णय गरेमा स्वतः नामसारी हुने हुँदा करार ऐन, २०५६ को दफा ८६ अन्तर्गत विशिष्ट सम्पादन माग गर्दा रकम धरौट राख्नुपर्ने अवस्था रहँदैन। यसप्रकारको कानूनी व्यवस्था विद्यमान रहेको अवस्थामा सेयर खरिदमा धरौट राख्नुपर्ने व्याख्या गर्नु त्रुटिपूर्ण हुन्छ। प्रस्तुत सेयरको खरिद बिक्री निजी मान्न मिल्ने अवस्थासमेत रहेको छैन। विपक्षीहरूले मिति २०६४।८।१४ को सेयर खरिद बिक्रीनामामा कम्पनीका पदाधिकारी अर्थात् क्रमशः अध्यक्ष र सञ्चालक भनी सही गर्नुभएको छ। कम्पनी ऐन, २०६३ को दफा १०४(१) ले कम्पनीको लागि अधिकारप्राप्त कम्तीमा एकजना सञ्चालक वा कम्पनीको लागि काम गर्न अख्तियारप्राप्त व्यक्तिद्वारा भए गरेको कामकारवाही र सही भएको कागजात कम्पनीको लागि मान्य र बन्धनकारी हुने कानूनी व्यवस्थाका बाबजुद कम्पनीका सम्पूर्ण सेयरधनीले पदाधिकारीसमेतको हैसियतमा आफ्ना खुशीराजीले गरेको मिति २०६४।८।१४ को लिखतलाई बेवास्ता गरी लिखतको सामुहिक प्रकृति र (Corporate Legal Liability) संस्थागत कानूनी दायित्वतर्फ कुनै विचार नगरी भएको पुनरावेदन अदालत, पाटनको फैसला कम्पनी ऐन, २०६३ को दफा ९७ को उपदफा (९) समेतका विपरीत छ।

न्याय प्रशासन ऐन, २०४८ को दफा १४ को देहाय (घ) को कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा सुरू अदालतको खारेजी फैसला गरेको अवस्थामा पुनरावेदन अदालत, पाटनको फैसलाबाट तल्लो अदालतमा मुद्दा निर्णयार्थ फर्काइ दिनुपर्नेमा सोतर्फ कुनै कुरा नबोली भएको फैसला स्वतः बदरभागी छ।

कम्पनीको सेयर निजी तवरमा हस्तान्तरण गर्न सकिने र यसरी हस्तान्तरण हुँदा स्वामित्वसम्म परिवर्तन हुने हो, त्यसले कम्पनीको हैसियतमा कुनै प्रभाव पार्दैन अर्थात सेयर हस्तान्तरण भएपनि कम्पनी यथावत रहने हुन्छ। सम्पत्ति हामी पुनरावेदकका नाममा आउन सक्तैन र हाम्रो त्यो माग पनि

छैन। सेयर हस्तान्तरण सम्झौता विधिसम्मत रहेको कुरामा पुनरावेदन अदालतबाट अन्यथा भनिएको पनि छैन। यस परिप्रेक्ष्यमा उक्त करारको आधारमा Specific Performance को आदेश हुनु नपर्ने कुनै कानूनी अड्चन नभएको हुँदा मिति २०६५।३।१५ को काठमाडौं जिल्ला अदालतको फैसला र सोलाई आंशिकरूपमा बदर गरी बाँकी सदर गर्ने गरी

भएको मिति २०६६।११।३ को पुनरावेदन अदालत, पाटनको फैसला बदर गरी हामी पुनरावेदकको फिराद दाबीबमोजिम न्याय इन्साफ पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक वादीको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र ।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको सम्पूर्ण मिसिल अध्ययन

गरियो । मिसिल संलग्न तथ्य एवं पुनरावेदन जिकिरसमेतलाई मध्यनजर गरी हेर्दा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, पाटनले गरेको फैसला मिलेको छ वा छैन र पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन भन्ने कुरामा नै निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा विपक्षी प्रतिवादीहरू सेयरहोल्डर रहेको हिमालयन स्प्रिङ्ग वाटर कम्पनीको १५ लाख कित्ता सेयर एवं सो कम्पनीका कारखाना लगायत चलअचल सम्पत्तिहरू १८ करोडमा वादीले लिने र तत्काललाई रू. २,७५,००,०००।– वादीले प्रतिवादीहरूलाई दिने सर्तमा मिति २०६४।८।१४ मा सम्झौता पत्र भएकोमा सो सम्झौता पत्रअनुसारका सर्तहरू प्रतिवादीले पालना नगरेकोले सम्झौता पत्रबमोजिमको बाँकी रकम मलाई बुझाउन लगाई अरू सेयरहरू एवं उक्त कम्पनीका कारखानालगायतका चलअचल सम्पत्तिहरू फिरादी कम्पनीका नाउँमा दाखिल खारेज गराई पाउँ भन्ने मूख्य फिराद दाबी देखियो । कम्पनीका सेयरवालाले आफ्नो सेयर बिक्री गर्ने नगर्ने भन्ने कुरा उनीहरूको निजी विषय भएको, मिति २०६४।८।१४ को सम्झौता पत्रमा यस कम्पनीको संलग्नता नरहेको, कम्पनीको तर्फबाट सेयर बिक्री गर्नुपर्दा कम्पनीको सञ्चालक समितिको पूर्व स्वीकृति लिनु आवश्यक हुने तर सो नभएको हुँदा सो सेयरको विषय तोकिएको कानूनबमोजिम हुनुपर्ने भएकोले फिराद खारेज गरिपाउँ भन्ने प्रतिउत्तर जिकिर देखिन आयो । सुरू अदालतबाट फिराद खारेज हुने ठहर्‍याएको फैसला पुनरावेदन अदालत, पाटनबाट पेस्की रकम बारेमा बादीको दाबी परेका बखत कानूनबमोजिम हुने भन्नेसम्मको सदर हुने र निजी तवरमा गरेको सेयर खरिद बिक्रीमा कम्पनी जिम्मेवार नहुने एवं सेयर बिक्री गर्ने नगर्ने भन्ने विषय निजी विषय हुने हुँदा सेयरको हकमा निजी तवरमै प्रक्रिया पुर्‍याई खरिद गर्नुपर्नेमा सोबमोजिम नगरेकोले वादी दाबी पुग्न नसक्ने ठहर गर्नुपर्नेमा फिराद खारेज गरेको हदसम्म सुरूको फैसला बदर हुने र परिणामतः वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको फैसलाउपर प्रस्तुत पुनरावेदन पर्न आएको देखियो ।

३. फिराद पत्रमा दाबी गरेको मिति २०६४।८।१४ को सम्झौता पत्र हेर्दा सो सम्झौता गर्ने विषयमा बिक्रेता भनिएको हिमालयन स्प्रिङ्ग वाटर कम्पनीको आधिकारिक निर्णय, कम्पनीको तर्फबाट सम्झौता गर्ने अख्तियारी लगायत कुनैपनि निर्णय भएको देखिन आउँदैन । यसका साथै उक्त सम्झौतामा कम्पनीको छाप तथा आधिकारिक प्रतिनिधिको दस्तखतसमेत रहेको देखिँदैन । कम्पनी भन्नु र कम्पनीका सेयरहोल्डर भन्नु सिद्धान्ततः नितान्त फरक विषय हो । संगठित संस्थाको सिद्धान्त, सीमित दायित्वको सिद्धान्त एवं स्वतन्त्र कानूनी व्यक्तित्वको सिद्धान्तअनुसार कम्पनी, यसका सेयरहोल्डर तथा सञ्चालक वा संस्थापक भन्नु बेग्लाबेग्लै विषय हुन् । नेपालको कम्पनी ऐन, २०६३ ले समेत

उक्त सिद्धान्तहरूको अनुशरण गरेको पाइन्छ। कम्पनीको तर्फबाट कसैसित सम्झौता वा करार गरिएमा त्यसबाट उत्पन्न हुने दायित्वमा कम्पनी जिम्मेवार हुने हो, सेयरहोल्डर वा सञ्चालकले गरेका व्यक्तिगत सम्झौता वा दायित्वको बारेमा कम्पनीलाई जिम्मेवार बनाउन मिल्दैन।

४. प्रस्तुत मुद्दाको सन्दर्भमा मिसिल संलग्न हिमालयन स्प्रिङ्ग वाटर कम्पनीका सेयरधनीहरू एवं मुक्ति श्री कम्पनीको बीचमा सम्झौता पत्र हुँदा उक्त हिमालयन कम्पनीका सेयरधनीहरू विजय मल्लसमेतको व्यक्तिगत संलग्नता रहेपनि यसप्रकारको सम्झौता गर्ने भन्ने कम्पनीको आधिकारिक निर्णय भएको देखिएन। यसैगरी कम्पनीको तर्फबाट सम्झौता गर्ने भनी निजहरू विजय मल्लसमेत कोही कसैलाई आधिकारिक प्रतिनिधि तोकेको पनि देखिएन। सम्झौता पत्रमा सेयरहोल्डर, सञ्चालक वा कम्पनीको जुनसुकै तहको पदाधिकारीको हैसियतमा काम गरेपनि कम्पनीको तर्फबाट प्रतिनिधित्व गर्दा सो सम्बन्धमा कम्पनीको आधिकारिक निर्णय एवं अख्तियारीको अभावमा त्यस्तो कार्य कम्पनीको तर्फबाट भएको मान्न सकिने अवस्था रहँदैन। यस्तो निर्णय एवं कम्पनीको तर्फबाट करार गर्ने अख्तियारीसमेत रहेको नदेखिँदा वादी दाबीअनुसारको मिति २०६४।८।१४ को सम्झौता पत्रमा उक्त हिमालयन स्प्रिङ्ग वाटर कम्पनीको कुनै संलग्नता देखिन आएन।

५. कम्पनीको सेयरका साथै अन्य चलअचल सम्पत्तिसमेत स्वतः निवेदकको नाउँमा आउनुपर्ने भन्ने पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा कम्पनीको सेयर, डिवेन्चर भन्नु र अन्य सम्पत्ति भन्नु एउटै विषय होइन। सेयर, डिवेन्चर भनेको त्यो होल्ड गर्नेले आफ्नो निजी सम्पत्ति सरह कानूनबमोजिमको प्रक्रिया पूरा गरी बेचबिखन हकहस्तान्तरण गर्न पाउने विषय हो तर कम्पनीको नाउँमा रहेको अन्य चलअचल सम्पत्ति कम्पनी स्वयम्ले बाहेक सेयरहोल्डरले आफूखुशी बेचबिखन हक हस्तान्तरण गर्न सक्ने अवस्था नै रहँदैन। मिति २०६४।८।१४ को उक्त सम्झौता पत्र कम्पनीको तर्फबाट नभएको भन्ने सम्बन्धमा माथिको प्रकरणहरूमा स्पष्ट भइसकेको र उक्त सम्झौता पत्रमा कम्पनीको नाउँमा रहेका चलअचल जायजेथा श्रीसम्पत्ति तथा कारखानाका बारेमा सम्झौतामा उल्लेख भएको पनि नदेखिँदा सम्पूर्ण चलअचल जायजेथा एवं कम्पनीनै आफ्नो हुनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

६. कम्पनीका सम्पूर्ण सेयरको हक हस्तान्तरण सम्झौताको सर्तबमोजिम नभएको भन्ने दाबीतर्फ हेर्दा वादीले उल्लेख गरेअनुसार निजले चुक्ता गरेको भनेको पेस्कीबापतको रकम रू.२,७५,००,०००।– हिमालयन स्प्रिङ्ग वाटर कम्पनीलाई बुझाएको नभई करारका पक्षहरू विजय मल्ल, विरणी राणा, केदारभक्त श्रेष्ठ एवं किसन श्रेष्ठको नाउँमा कायम रहेका उक्त कम्पनीका विभिन्न संख्यामा रहेका सेयरहरू बापत बुझाएको रकम हो भन्ने

देखिन्छ। माथि विभिन्न प्रकरणहरूमा कम्पनी र यसका सेयर सदस्यको अस्तित्व अलगअलग हुने भन्ने कुरामा प्रकाश पारिसकिएको हुँदा यहाँ पुनः दोहोर्‍याई राख्नु पर्ने देखिएन। व्यक्तिका नाममा रहेका कम्पनीका सेयर भनेका व्यक्तिगत सम्पत्ति हुन। यस्तो सम्पत्तिलाई कानूनको प्रक्रिया पूरा गरी भोग गर्न, दानदातव्य दिन, धितो राख्न वा बेचबिखन हक हस्तान्तरण गर्न पाउने नै हुन्छ। हिमालयन स्प्रिङ वाटर कम्पनी प्रा.लि.को सेयर होल्डरहरूबाट उक्त कम्पनीको सेयर यी पुनरावेदकसमेतले खरिद गर्ने सम्झौता भएको भन्ने देखिन्छ जबकि प्रतिवादी बनाउँदा उक्त कम्पनीलाई समेत बनाएको

देखिन्छ । निजी तवरमा खरिद बिक्री हुने उक्त कम्पनीका सेयरहरू सम्झौताअनुसार करारका पक्षहरूले पूरा गरे गरेनन् भन्ने सम्बन्धमा कम्पनीलाई जिम्मेवार बनाउन मिल्ने पनि देखिँदैन । उक्त सेयर खरिद गर्न सम्झौताअनुसार बाँकी रकम यी पुनरावेदकले बुझाई सकेको वा सोबापत धरौट राखी माग दाबी गर्न आएको पनि नदेखिँदा त्यसतर्फको वादीको दाबीसमेत स्थापित हुनसक्ने अवस्था देखिन आएन । बुझाई सकेको रकम सम्बन्धमा कानूनबमोजिम दाबी परेका वखत कानूनअनुसार निरूपण हुने हुँदा यहाँ केही बोल्न मिलेन ।

७. तसर्थ सुरू जिल्ला अदालतले पेस्की रकम बारेमा वादीको दाबी परेका बखत कानूनबमोजिम हुने ठहर गरेको इन्साफ सदर हुने र वादी दाबी पुग्न नसक्ने ठहर गर्नुपर्नेमा प्रस्तुत विषयमा कम्पनी बोर्डले अदालतको क्षेत्राधिकार ग्रहण गर्नसक्ने कानूनी व्यवस्थाविपरीत परेको फिराद खारेज हुने भनी सुरू अदालतले फिराद दाबी खारेज गर्ने गरेकोसम्म फैसला नमिलेको हुँदा त्यति हदसम्म बदर भई परिणामतः दाबी पुग्न नसक्ने भनी ठहर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादीको पनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या. केदारप्रसाद चालिसे

इजलास अधिकृत: आत्मदेव जोशी

इति संवत्ः २०७३ साल मङ्सिर १३ गते रोज २ शुभम् ।

# भर्खरै प्रकाशित नजिरहरू

- ***१०५२७ - बन्दीप्रत्यक्षीकरण (http://nkp.gov.np/full_detail/9593)***

  ***फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७७-WH-००११***

- ***१०५२६ - उत्प्रेषण / परमादेश (http://nkp.gov.np/full_detail/9592)***

  ***फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७६-WO-०९६२***

- ***१०५२५ - कर्तव्य ज्यान (http://nkp.gov.np/full_detail/9591)***

  ***फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७५-CR-०८४७***

- ***१०५२४ - परमादेश (http://nkp.gov.np/full_detail/9590)***

*फैसला मिति : २०७७/०३/२५ | मुद्दा नं : ०७६-WO-१०२६*

- ***१०५२३ - राज्य विरूद्धको अपराध (http://nkp.gov.np/full_detail/9589)***

*फैसला मिति : २०७७/०३/०२ | मुद्दा नं : ०७५-CR-१०९३*

# धेरै हेरिएका नजिरहरु

- ***निर्णय नं: # ९३४६ - मानव बेचबिखन, बालविवाह, जबर्जस्ती करणी (http://nkp.gov.np/full_detail/8389)***

*फैसला मिति : २०७१/१०/१९ | मुद्दा नं : ०६७-CR-११८८*

- ***निर्णय नं: # ९३१७ - हालैदेखिको बकसपत्र लिखत बदर (http://nkp.gov.np/full_detail/8316)***

*फैसला मिति : २०७१/०७/१९ | मुद्दा नं : ०६७-CI-०९०३*

- ***निर्णय नं: # ९२७३ - मानाचामल (http://nkp.gov.np/full_detail/8079)***

*फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : ०६८-CI-०२१६*

- ***निर्णय नं: # ९२७४ - लागु औषध (नरफिन) (http://nkp.gov.np/full_detail/8080)***

*फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : २०६७-CR-०९९२*

- ***निर्णय नं: # ९३१९ - उत्प्रेषण (http://nkp.gov.np/full_detail/8363)***

*फैसला मिति : 2070/10/20 | मुद्दा नं : ०६९–WS–००३५*